समृद्ध स्याङ्जा, सुखी स्याङ्जाली

# प्रतिनिधिसभा निर्वाचन २०८२

# संकल्प पत्र



"सूर्य चिन्हमा मतदान गरौं"

## खिम बहादुर थापा मगर

प्रतिनिधिसभा सदस्य उम्मेदवार

**स्याङ्जा २**

*'नेकपा (एमाले) का उम्मेदवारको जित, समृद्ध स्याङ्जा र जनताको हित'*

**आदरणीय सम्पूर्ण स्याङ्जाबासी आमाबुवा दाजुभाइ तथा दिदीबहिनीहरू,**

गत भदौमा नवयुवाहरूले पवित्र मनसायका साथ सुशासनको पक्षमा आह्वान गरेको आन्दोलनको क्रममा मुलुकमा गम्भीर राजनीतिक दुर्घटना हुन पुग्यो । सोही दुर्घटनाको कारण मुलुकमा आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको लागि निर्वाचन हुँदैछ ।

देश, लोकतान्त्रिक व्यवस्था, जनक्रान्ति र अग्रगमनको पक्षमा विभिन्न कालखण्डमा भएका आन्दोलनको क्रममा सहादत प्राप्त गर्नुभएका सम्पूर्ण सहीदहरू, नेपाली कम्युनिष्ट आन्दोलनका श्रद्धेय संस्थापक नेतृत्व पुष्पलाल श्रेष्ठ, जननेता मदन भण्डारी, पहिलो कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी सहित गत भदौमा नवयुवाहरूले सुशासनको पक्षमा गरेको आन्दोलनको क्रममा षडयन्त्रमूलक ढंगले मारिन पुगेका सहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सम्पूर्ण घाइतेहरूको स्वास्थ्यलाभको कामना गर्दछु ।

यतिबेला समग्र मुलुक निर्वाचनमय बनेको छ । सोही आसन्न प्रतिनिधिसभाको निर्वाचनमा हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ का लागि उम्मेदवारको रूपमा म खिम बहादुर थापा मगरलाई अघि सारेको छ ।

म विद्यार्थी जीवनकालदेखि नै निरन्तर राजनीतिक, सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा काम गर्दै आएको व्यक्ति हुँ, जुन कुरा यहाँहरूमा विदितै छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले भर्खरै प्रकाशित गरेको कार्यसम्पादन मूल्यांकनका आधारमा कालीगण्डकी गाउँपालिका गण्डकी प्रदेशको पहिलो र देशकै छैठौं उत्कृष्ट बन्न सफल भएको छ । विशेषगरी राज्यको लक्ष्य र सुशासनको कार्यान्वयनमा मेरो प्रतिबद्धता, निरन्तरता, क्षमता र इमान्दारिता यसैले पुनः पुष्टी गर्छ भन्ने विश्वास लिएको छु ।

पछिल्लो समय मुलुकमा विकसित नयाँ राजनीतिक शक्ति सन्तुलनमा राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, जनमुखी व्यवस्था र आम नेपाली जनताको पक्षमा नीति निर्माण तथा कार्यान्वयनको क्षेत्रमा भूमिका खेल्दै स्याङ्जाको आवश्यकता र समस्याको हल गर्न संघीय संसदमा सक्रीय पहल गर्न म सक्षम रहेको यहाँहरूसमक्ष अठोटका साथ राख्न चाहन्छु ।

कालीगण्डकी, गल्याङ, चापाकोट, वालिङका ३ र ४ नम्बर बाहेकका वडाहरू र भिरकोटका ५,६,७,८ र ९ नम्बर वडाका भौगोलिक क्षेत्रहरू यस निर्वाचन क्षेत्रभित्र पर्दछन् । यस निर्वाचन क्षेत्रमा १ लाख १७ हजार ९३० जना मतदाता रहेका छन् ।

यस संकल्पपत्र तयार गर्नुअघि मैले सामाजिक सञ्जालमार्फत सुझाव पनि माग गरेको थिएँ । विभिन्न माध्यमबाट प्राप्त भएका सुझावहरूलाई समेट्दै यस निर्वाचन क्षेत्रको आवश्यकताका आधारमा यो संकल्प पत्र यहाँहरू समक्ष प्रस्तुत गरेको छु ।

यस निर्वाचन क्षेत्र धार्मिक तथा सांस्कृति हिसाबले पनि अन्तर्राष्ट्रिय स्तरका तिर्थस्थलहरू रहेको पवित्र भूमि हो । साथै, पर्यटकीय, एतिहासिक धरोहर, कृषि, जडिबुटी, जलविद्युत् लगायतका विभिन्न विषयमा पनि यो क्षेत्र निकै धनी र सम्भावनायुक्त रहेको छ ।

यस क्षेत्रलाई केन्द्रीय राज्यसत्तासँग जोड्दै निम्न बमोजिमका नीतिगत र कार्यक्रमिक पहल गर्न सकिने कुराको संकल्प-पत्र निम्नानुसार प्रस्तुत गर्दछु ।

## सुशासन र पारदर्शिताप्रति पुनः संकल्प

नवयुवाहरूले पछिल्लो समयमा आन्दोलनकै स्तरमा उठान गरेको मुलुकमा सुशासनको स्थापनाको सवालमा हाम्रो पार्टी हिजो देखि नै प्रतिबद्ध हो र फेरि पनि सो विषयमा हाम्रो निरन्तर प्रतिबद्धता रहेको अनुरोध गर्दछु ।

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता र प्रशासनिक एंव राज्यका निकायहरूमा हुने ढिलासुस्ती हटाउन यस क्षेत्रबाट निर्वाचित भइसकेपछि मैले नीतिगत र कार्यक्रमिक दुवै हिसाबले सक्रिय भूमिका निर्वाह गर्नेछु ।

विगतमा दुग्धविकास संस्थानको कार्यकारीमा रहँदा र कालीगण्डकी गाउँपालिकाको प्रमुखमा रहँदा मैले आफ्नो इमान्दारिता र समपर्णको चिनारी सार्वजनिक रूपमा नै व्यवहारमा नै उतार्ने प्रयत्न गरेको कुरा यहाँहरूसमक्ष छर्लंग छ ।



## कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा संकल्प

पछिल्लो समयमा वैदेशिक रोजगार, व्यापार व्यवसाय, उद्योगका बाबजुद पनि कृषि क्षेत्र हाम्रो अर्थतन्त्रको मुख्य मेरुदण्ड हो । यसको थप व्यवस्थित विकास बिना मुलुकको दिगो विकास सम्भव छैन ।

कालीगण्डकी, आँधिखोला, लुब्दीखोला, ज्याग्दीखोला, अर्मादीखोला, मिर्दीखोला, पाठखोला, वायँखोला, फौदीखोला, तारुखोला लगायत साना तथा ठूला नदी किनारमा बनेका समथर फाँट र टार तथा टारीहरू यस क्षेत्रमा धान, गहुँ र आलु लगायतका मुख्य बाली उत्पादनका केन्द्र हुन् । त्यस्तै, पूर्वमा शेखाम साँखरदेखि पश्चिममा राम्दी हुँदै चण्डीभञ्ज्याङ र उत्तरमा ढापुक खिलुङ सम्मको विविधतायुक्त भूगोलमा अथाह व्यावसायिक कृषि, फलफूल र जडिबुटी खेती विकासको सम्भावना रहेको स्पष्ट रूपमा देखिएको छ ।

कृषि क्षेत्रको आधुनिक विकास र संरक्षणको लागि आवश्यक तटबन्धन तथा भू-संरक्षण, सिँचाइ पूर्वाधार निर्माण, आधुनिक पशुपालनको लागि घाँस विकासदेखि राज्यको सहुलियतपूर्ण नीति तथा कार्यक्रम निर्माणमा मैले सिर्जनात्मक र सक्रिय भूमिका निर्वाह गर्नेछु ।

पहाडी स्थानका गाउँहरूमा एक वडा एक खेती कार्यक्रम र पशुपालनलाई सुहाउँदो आयस्तर सहितको जनजीविका माध्यम वनाउन एक पालिका एक उत्पादन नीति तथा कार्यक्रम निर्माणको लागि पैरवी गर्नेछु । साथै, यस क्षेत्रमा देखिएको एउटा मुख्य समस्या बाँदरको नियन्त्रणका लागि राष्ट्रिय नीति तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयन गराउन पनि विशेष र निर्णायक पहल गर्नेछु । जसले यस क्षेत्रको हरेक भूगोलमा सहज हिसाबले कृषि विकास कार्यक्रम बढाउन वातावरण निर्माण गर्नेछ ।

कृषि क्षेत्र र पशुपालनको क्षेत्रलाई व्यावसायिक ढंगले विकास गर्नको लागि सम्भावनाको अध्ययन, निःशुल्क परामर्श, व्यावसायिक योजना निर्माण, सहुलियतपूर्ण ऋण, प्राविधिक सहयोग र बजारको व्यवस्थामा राज्यले स्पष्ट नीति निर्माण गर्नुपर्दछ ।

मैले विजयपश्चात कालीगण्डकीको पानीलाई प्रयोग गरेर कालीगण्डकी, गल्याङ र चापाकोट गाउँपालिकाका विभिन्न समथर टारहरूमा लिफ्टीङ सिँचाइ व्यवस्था गर्ने र अन्य क्षेत्रमा पनि साना नदी तथा खोलाबाट र पोखरी निर्माण गरेर सिँचाइ व्यवस्थाको बिस्तार गर्न विशेष पहल गर्नेछु । साथै, कालिगण्डकी र आँधिखोलामा माछापालनको लागि विशेष राष्ट्रिय पहलको लागि पैरवी गर्ने काम पनि हुनेछ भने ज्याग्दी-चापाकोट नहरको मर्मत र स्तरोन्नतीको पहल गर्नेछु ।

## शिक्षा र स्वास्थ्यको क्षेत्रमा संकल्प

शिक्षा समाज निर्माणको एउटा महत्वपूर्ण आधार हो । यसलाई संविधानले विशेष अधिकारको रूपमा लिएको छ। सर्वसुलभ र गुणस्तरीय शिक्षा प्राप्त गर्ने सबै नागरिकको मौलिक अधिकार भएको विषयलाई ख्याल गर्दै संघीय सरकारको तर्फबाट नीति तथा कार्यक्रम निर्माणको कोणमा मेरो भूमिका हुने छ।

यस क्षेत्रका हरेक पालिकाहरूमा व्यावसायिक शिक्षालाई प्रोत्साहनका रूपमा लैजाँदै गुणस्तरीय शिक्षाका लागि सार्वजनिक तथा सामुदायिक शैक्षिक संस्थाहरूलाई व्यवस्थित बनाउन प्रयत्न र प्रभावकारी समन्वय गर्ने छु। उच्च शिक्षा प्रदान गर्ने कलेजहरूलाई थप प्रविधिमैत्री र आधुनिक बनाउन भूमिका खेल्नेछु।

त्यस्तै, यस निर्वाचन क्षेत्रमा एक सुविधा सम्पन्न सेवा दिनसक्ने अस्पताल निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ । सो विषयमा मैले निर्णायक समन्वयकारी भूमिका निर्वाह गर्नेछु । साथै, पालिकास्तरमा स्थापना भएका सबै अस्पताललाई आधारभूत सुविधा सम्पन्न बनाउन पहल हुनेछ।



## रोजगारी, आर्थिक विकास र महिला सशक्तीकरणमा संकल्प

यस क्षेत्रको ठूलो जनसंख्या आजको दिनमा वैदेशिक रोजगारीमा निर्भर रहेको छ भने केही संख्या आफ्नो व्यापार, व्यवसाय, उद्योग, जागिर र व्यावसायिक कृषिमा आधारित देखिन्छ। तर, ठूलो जनसंख्या भने कृषिमा आधारित अर्ध रोजगारीमा रहेको छ।

जसकारण यहाँको स्थानीय स्रोत, साधन, त्यसको औद्योगिक र बजारीकरणको सम्भाव्यताको आधारमा कम्तिमा एक स्थानीय तह एक उद्योगको कार्यक्रम तत्काल अघि बढाउन आवश्यक देखिएको छ। तीनै तहको सरकार र अन्य सो क्षेत्रको अनुसन्धानकारी निकायसँग समन्वय गरी आगामी पाँच वर्षमा एक पालिका एक उद्योग स्थापनाको लागि निर्णायक पहल गर्नेछु।

साथै, कालीगण्डकीवाट सुरु गरेको कृषि उद्योगको अवधारणा निर्वाचन क्षेत्रका सबै पालिकामा स्थापना गर्न सकिन्छ। आर्थिक विकासका लागि यस क्षेत्रको उत्पादन सम्भावनाको आधारमा पकेट क्षेत्र निर्माण गर्ने पहल गर्नेछु। महिला र फरक क्षमता भएका व्यक्तिहरूलाई सहज सर्वसुलभ आयआर्जन गर्नसकिने आधुनिक तालिमको व्यवस्था गरि स्वरोजगारको वातावरण निर्माण विशेष पैरवी गर्नेछु।

## पूर्वाधार विकासको क्षेत्रमा संकल्प

हरेक क्षेत्रको विकासको प्रारम्भ नै भौतिक पूर्वाधार हो । सडक, खानेपानी, सिँचाइ, भवन लगायतका क्षेत्रमा पूर्वाधार निर्माण गरेर मात्रै हामीले थप विकासको पहल गर्न सक्छौं । हालसम्म आइपुग्दा धेरै क्षेत्रमा पूर्वाधार निर्माणको पहल भएपनि सबै पूर्णतामा पुग्न सकेका छैनन् ।

यस निर्वाचन क्षेत्रभित्रका सबै पालिका केन्द्रहरूसम्म पुग्ने सडक कालोपत्रे बनाउने काम सम्पन्न भई सकेको छ । अबको प्राथमिकता कालोपत्रे सडकले नछोएका सडकहरुलाई कालोपत्रे तथा पक्की सडकमा रुपान्तरण गर्ने काममा मेरो प्राथमिकता रहनेछ । यस बाहेक यस क्षेत्रका प्रमुख सडकहरूलाई स्तरोन्नती गर्ने कामलाई प्राथमिकता दिनेछु ।

शालीग्राम करिडोरलाई पूर्णता दिने, वैकल्पिक रणनैतिक सडकका रूपमा करादी-पकवादी-ठाटीभन्ज्याङ साँखर हुँदै तनहुँ सडक विकास गर्ने र आँधिघाट केँवरे वालिङ पूर्तिघाट बागलुङ मुक्तिनाथ सडकलाई धार्मिक सडकको रूपमा चिनारी गराईने छ ।

त्यस्तै, आँधिखोला करिडोर, ज्याग्दीखोला करिडोर, सालिग्राम लोकमार्ग, बयरघारीदेखि पर्वत, बयरघारीदेखि स्वरेक, हेलुदेखि लामिडाँडा, मिर्दी-स्वरेक-डुम्रेभञ्ज्याङ-काउले-अकलादेवी-सेतिवेणी सडक, वालिङ-काफलडाँडा सडक, भुम्रे-सिर्कोट-स्वरेक सडक, बायटारी-पेलाकोट-सेतिबेणी सडक र करादी हुँदै चापाकोट सडकहरूको स्तरोन्नती पहल गरिनेछ ।

बाँयटारी-डाँडाखर्क-कोखे-सेतीबेणी सडक, बायाटारी-डाँडाखर्क-चिलाउने भन्ज्याङ्ग-सेतिवेणी सडक, मिर्मि-रानिघाट सडक, भुस्टङ-लसर्घा-रुद्रवेणी सडक, गल्याङ-रिप-गुठी-ईलुङ्ग-मोतिचौर-आँधिमुहान सडक, बाँयाटारी-कपुर्दी-पिडिखोला-डुँडे सेतिवेणी सडक, करादी-चितडाँडा-साङलिया-रिप मैदान-पाल्पा सडक र एकाएबेल-लबरकोट-तुल्सीभञ्जाङ-बेलछ्याप-तल्लो करादी सडक लगायतका सडकहरूको पनि स्तरोन्नतीको पहल गरिने छ ।

त्यस्तै, सो क्षेत्रका पाठ्खोला-तिनदोवाटे-रोग्दीठाँटी-दामाचौर सडक, गल्याङ-तुल्सीभन्ज्याङ्ग-तिन्दोवाटे चापाकोट-तंनहु डुम्रेभञ्जाङ-गाईघाट सडक र भुम्रे फलुङ्गेबजार-दहपोखरी-घुरुन्खा-चन्द्रकोट-देवीस्थान पर्वत सडक स्तरोन्नती गरिने छ ।

साथै, मिर्दी-भिमाद र वालिङ-हुवासको सडक स्तरोन्नतीको काम सम्पन्न गर्न, गल्याङ-चापाकोट सडक स्तरोन्नती, गल्याङ-पेलाकोट-सेतिवेणी र गल्याङ-निवुवाखर्क-सेतीवेणी सडक स्तरोन्नती तथा विस्तारको काम सम्पन्न गर्न आवश्यक पहल गर्ने छु । वालिङ-जगत-किनारे-दामाचौर सडक कालोपत्रेको सम्न्न गर्न विशेष पहल गर्नेछु भने निर्माण

सम्पन्न अवस्थामा रहेको मिर्मी-विर्घा-चण्डीभञ्ज्याङ सडकलाई नमूना सडकको रूपमा विकास गर्ने भूमिका खेल्ने छु।

अहिले निर्माणाधीन अवस्थामा रहेको कालीगण्डकी करिडोरको वैकल्पिक मार्गको रूपमा मालुंगा-बेलटारी-रिडी सडकलाई वैकल्पिक कालिगण्डकी करिडोरको रूपमा विकास गर्न आवश्यक पहल गरिने छ।

स्याङ्जा जिल्लालाई सुनौली नाकादेखि प्रदेश राजधानी र देशकै राजधानीसँग जोड्ने सिद्धार्थ राजमार्गको समयमा स्तरोन्नतीका काम सम्पन्न गर्न आवश्यक पहल गर्नेछु। गल्याङ चापाकोट सडकको स्तरोन्नतीको काम सम्पन्न गर्न आवश्यक प्रभावकारी समन्वय गर्नेछु।

त्यस्तै, कालीगण्डकी नदीमाथि बन्दै गरेका पुल सम्पन्न गर्न र थप आवश्यक पुल निर्माण गर्न पहल गर्ने र आँधिखोलामाथि आवश्यकताको आधारमा पुल निर्माणको पहल गर्नु मेरो महत्वपूर्ण जिम्मेवारी हुने छ।

जलविद्युत् तथा बहुउपयोगी आयोजनाको रूपमा आँधिखोला हाईड्याम निर्माणमा निर्णायक पहल गरिने छ।

यस क्षेत्रमा एक घर एक शुद्ध पिउने पानीको धारा कार्यक्रम सम्पन्न गर्न सबै तहका सरकारसँग आवश्यक समन्वय गर्ने छु।



## पर्यटन, धार्मिक, सांस्कृतिक विकास र वातावरण संरक्षणमा संकल्प

धार्मिक तथा सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन् । ती सबैको निरन्तर संरक्षण हाम्रो दायित्व हो । साथै, पर्यटकीय क्षेत्रको विकास गरेर आन्तरिक र बाह्य पर्यटकको आगमनमा वृद्धि गराएर आर्थिक विकासको पहल गर्न आवश्यक छ ।

भीरकोट, स्वरेक कालिका, अकलादेवी, सेतिवेणी, मिर्मी, आलमदेवी, रानीमहल सम्मको धार्मिक पर्यटकीय सर्किट निर्माण गर्न पहल कदमी गर्ने छु । त्यस्तै, गह्रौंकालिका, बाहुनथान, सुन्दरचौर, मन्साङकोट लगायतका पर्यटन विकार आकर्षक वातावरणको क्षेत्रमा पूर्वाधारको विकास गरेर प्रवर्धनको पहल गरिने छ ।

साथै, साँखरको केलादीघाट, राम्दीधाम, हुँगीघाट, उत्तरगंगा, राम्दीधाम र सेतीबेणी सालिग्रामलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण र प्रवर्धनको काम गरिने छ ।

यस निर्वाचन क्षेत्रभित्र विकास हुँदै गरेका होमस्टेहरूलाई थप व्यावसायिक र दिगो आयआर्जनमुखी बनाउन आवश्यक समन्वयकारी भूमिका खेल्नेछु । साथै, यहाँको रैथाने उत्पादनको ब्राण्डिङको लागि पनि आवश्यक भूमिका खेल्ने छु ।

साथै, यस निर्वाचन क्षेत्रभित्र पर्ने गल्याङ तम्कीकोट, स्वरेक मैदान, खिलुङ लगायतका क्षेत्रमा पर्यटन पूर्वाधार निर्माणको पहल गरिने छ । त्यस्तै, गेजाकोट, रामडाँडा र चापाकोट सित्तलपार्क पनि पर्यटन पुर्वाधार निर्माण गरिनेछ ।

पवित्र धार्मिक स्थल राम्दीधामदेखि चितवनको देवघाटसम्म जल यातायातको विकास गर्नको लागि अनुसन्धान गरेर आवश्यक पूर्वाधार विकास गरि आगामी ५ वर्षभित्रमा व्यावसायिक ढंगले जल यातायात सञ्चालनमा ल्याइने छ । जसले यस क्षेत्रको समग्र ढुवानी र यातायातलाई सहज बनाउने छ भने यस क्षेत्रको सभ्यतालाई संरक्षण र विकास गर्न पनि सो कार्यले थप टेवा पुऱ्याउने छ ।

## सामाजिक न्याय र समावेशिताको क्षेत्रमा संकल्प

हाम्रो समाज बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक पहिचान बोकेको तर, सहिष्णुतापूर्ण ढंगले सञ्चालन भएको समाज हो। यो नै हाम्रो पहिचान हो।

यस क्षेत्रमा रहेका खस, आदीवासी, जनजाती, अल्पसंख्यक तथा दलित समुदायका कला संस्कृति, भेषभुषा, भाषा तथा आस्थालाई जगेर्ना गर्दै तिनिहरूको संरक्षण एव विकासमा मैले प्राथमिकताका साथ विभिन्न पहलहरू गर्नेछु। कालिगण्डकीबाट मैले सुरु गरेको मगर भाषाको संरक्षण जस्तै अन्य भाषाहरूको पनि संरक्षण गर्नको लागि मैले राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वयकारी भूमिका खेल्ने छु।

यस निर्वाचन क्षेत्रभित्र बहुपक्षीय सहयोग र स्रोतहरूको आधारमा सुविधासम्पन्न वृद्धआश्रम र बालआश्रम निर्माणको पहल गरिने छ। जहाँ इच्छुक, अपहेलित, एकल वृद्धवृद्धा र अनाथहरूलाई हेरचाह सहितको खुशीयाली जीवन दिन सकियोस।



## युवा तथा खेलकुदको क्षेत्रमा संकल्प

युवाहरूको क्षमता र आकांक्षालाई सम्बोधन गर्दै समाजको विकास गर्नु सबै तहका सरकारको दायित्व हो । युवाहरूको क्षमता र स्वास्थ्यलाई ख्याल राखेर यस क्षेत्रमा खेलकुद तथा व्यायाम गर्ने पूर्वाधारहरूको निर्माण गरिने छ ।

कालीगण्डकी गाउँपालिकाले गर्दै आएको खेलकुद महोत्सवलाई सबै पालिकामा बिस्तार गर्ने उद्देश्यले सबै पालिकामा प्रदेश सरकार र स्थानीय सरकारसँगको समन्वयमा न्यूनतम एक बहुउद्दश्यीय रंगशाला निर्माण गरिने छ । साथै, प्रत्येक वडामा एक व्यायाम गर्ने केन्द्र निर्माणको पहल गरिने छ ।

त्यस्तै, पकवादी बेलचौरमा निर्माण प्रक्रिया अघि बढाइएको क्रिकेट रंगशाला निर्माणको कामलाई सम्पन्न गरिने छ ।





# नाराहरू :

स्याङ्जा-२ को भरोसा, खिम बहादुर थापा मगरको आशा !

योग्य नेता, सक्षम उम्मेदवार - खिम बहादुर थापा मगर !

समृद्ध स्याङ्जाको सपना, खिम बहादुरबाट पूरा !

एक मत सूर्यलाई, विकास स्याङ्जालाई !

घर-घरमा रोजगार, मन-मनमा एमाले !

स्याङ्जा बदल्नुपर्छ, खिम बहादुरले जित्नुपर्छ !

अनुभव, इमान र विकास - खिम बहादुरको विशेषता !



# खिम बहादुर थापा मगरलाई भोट किन ?

राज्यमा लोकतन्त्र, स्थायीत्व समृद्धिका लागि भूमिका खेल्न,

जनता र राज्यको हितमा संविधान संशोधन र कानुन निर्माण गर्न,

स्याङ्जामा शिक्षा र स्वास्थ्यको गुणस्तर सुधारमा भूमिका खेल्न,

स्याङ्जामा कृषि क्षेत्रको विकासका लागि भूमिका खेल्न,

स्याङ्जामा सडक सञ्जाल सुधारका लागि भूमिका खेल्न,

स्याङ्जामा पर्यटन क्षेत्रको विकाका लागि भूमिका खेल्न,

स्याङ्जामा उद्योगको विकास र रोजागारीका लागि भूमिका खेल्न,

सबै स्याङ्जावासीको घरमा शुद्ध पिउने पानी पुर्याउने भूमिका खेल्न,

सबै नदी खोला नियन्त्रण र भू-संरक्षणमा पहल गर्न र

स्याङ्जाबासीको समस्या, आवश्यकता र भावना संघीय संसदमा प्रस्तुत गरिरहन ।